# बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखाको कार्यक्षेत्र

1. विश्व व्यापार संगठन र अन्य बहुपक्षीय व्यापार सम्बन्धी सबै वार्ता, सन्धि,सम्झौता कार्यान्वयन, संशोधन, अनुगमन र नियमन सम्बन्धी कार्य गर्ने, गराउने सम्बन्धी कार्यहरु,
2. विश्व व्यापार सँगठनसँगको समन्वय, प्रतिबद्धता कार्यान्वयन, अनुगमन लगायतका कार्य गर्ने, गराउने सम्बन्धी कार्यहरु,
3. UN र सो अन्तर्गतका संघसंस्थाहरु, United Nations Conference on Trade and Development (UNCTAD), International Trade Centre (ITC), International Telecommunication Union (ITU), Enhanced Integrated Framework (EIF) लगायतका व्यापार सम्बद्ध अन्तर्राष्ट्रिय संघ-संस्थाहरूसितको सम्पर्क, समन्वय सम्बन्धी कार्यहरु, विश्व व्यापार सँगठनसँग सम्बन्धित अन्तर–मन्त्रालय, गैर–सरकारी संस्था, निजी क्षेत्र तथा नागरिक समाजसँग गरिने बैंठक, अन्तर्क्रिया तथा अन्य कार्यक्रमहरू गर्ने, गराउने सम्बन्धी कार्यहरु,
4. संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोग, जेनेभा सितको सम्पर्क र समन्वय सम्बन्धी कार्यहरु,
5. अतिकम विकसित मुलुकको व्यापार र आर्थिक विकास सम्बन्धी अन्तर्राष्ट्रिय स्तरमा पारित बहुपक्षीय नीति, रणनीति, कार्ययोजनाको कार्यान्वयन, अनुगमन र सहभागिता सम्बन्धी कार्यहरु,विश्व व्यापार सँगठन सम्बन्धी क्षेत्रीय अन्तर्राष्ट्रिय फोरमहरुमा नेपालको प्रतिनिधित्व/सहभागितका लागि तयारी तथा समन्वय सम्बन्धी कार्यहरु,
6. विश्व व्यापार सँगठनको सदस्यता लिने क्रममा जनाइएको प्रतिबद्धताहरु कार्यान्वयन गर्न विद्यमान ऐन कानूनहरूमा आवश्यकता अनुसार संशोधन तथा नयाँ कानून तर्जुमा सम्बन्धी कार्यहरु,
7. व्यापारका लागि द्विपक्षीय, बहुपक्षीय सहायता परिचालन सम्बन्धी कार्यहरु,
8. विश्व व्यापार सँगठन सम्बन्धी वस्तु व्यापार, सेवा व्यापार तथा व्यापार सम्बद्ध बौद्धिक सम्पत्तिको व्यापार सम्बन्धी कार्यहरु,
9. वाणिज्य नीति, रणनीति तथा नेपाल व्यापार एकीकृत रणनीति तर्जुमा, संशोधन, परिमार्जन तथा कार्यान्वयनको अनुगमन सम्बन्धी कार्यहरु,
10. व्यापार घाटा न्यूनीकरण सम्बन्धी नीति रणनीति तर्जुमा, कार्यान्वयन, कार्यान्वयनको अनुगमन सम्बन्धी कार्य गर्ने, गराउने सम्बन्धी कार्यहरु,
11. निर्यात प्रवर्द्धन र आयात व्यवस्थापनका लागि कर र गैरकर क्षेत्रम गर्नुपर्ने सुधार र परिमार्जनका लागि विस्तृत अध्ययन विश्लेषण सम्बन्धी कार्य गर्ने, गराउने सम्बन्धी कार्यहरु,
12. वाणिज्य तथा व्यापार सम्बन्धी विषयमा अध्ययन, अनुसन्धान तथा प्रकाशन गर्ने, गराउने सम्बन्धी कार्यहरु,
13. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी विषयमा सर्वेक्षण गर्ने, गराउने सम्बन्धी कार्यहरु,
14. व्यापार सम्बन्धी विषयमा भएका अध्ययन अनुसन्धानहरुको संकलन गरी प्रकाशन गर्ने, गराउने सम्बन्धी कार्यहरु,

15. आन्तरिक र अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी तथ्यांक संकलन, विश्लेषण, अध्ययन,अनुसन्धान, सर्वेक्षण तथा प्रकाशन सम्बन्धी कार्य गर्ने, गराउने सम्बन्धी कार्यहरु,
16. बहुपक्षीय व्यापार कूटनीतिको सञ्चालन र समन्वयसम्बन्धी कार्य गर्ने, गराउने सम्बन्धी कार्यहरु ।